# सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३

(मिति २०७५ साल साउन मसान्तसम्म भएका संशोधनहरु समेत मिलाइएको)

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

# सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३

नेपाल राजपत्रमा प्रकाशित मिति
२०७३।७।२९

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ सम्झनु पर्छ ।

(ख) "ग्राहक" भन्नाले सूचक संस्थासँग व्यवसायिक सम्बन्ध स्थापना गर्ने वा कारोबार गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले व्यवसायिक सम्बन्ध स्थापना वा कारोबार गर्न प्रयास गर्ने व्यक्ति समेतलाई जनाउँछ ।

(ग) "जाँचबुझ अधिकृत" भन्नाले ऐनको दफा १४ बमोजिम खटिएको अधिकृत सम्झनु पर्छ ।

(घ) "राष्ट्रिय समन्वय समिति" भन्नाले ऐनको दफा ८ बमोजिम गठन भएको राष्ट्रिय समन्वय समिति सम्झनु पर्छ ।

## परिच्छेद-२
## सूचक संस्था, ग्राहकको पहिचान तथा कारोबार सम्बन्धी व्यवस्था

३. आकस्मिक कारोबारमा ग्राहकको पहिचान गर्नु पर्ने : ऐनको दफा ७क. को उपदफा (१) को खण्ड (ग) को प्रयोजनको लागि एक लाख रुपैयाँ वा सो बराबरको विदेशी मुद्रा भन्दा बढीको आकस्मिक कारोबार गर्दा सूचक संस्थाले ग्राहकको पहिचान गर्नु पर्नेछ ।

४. ग्राहकको पहिचान गर्दा लिनु पर्ने विवरण : (१) ऐनको दफा ७क. को उपदफा (२) को प्रयोजनको लागि सूचक संस्थाले ग्राहकको पहिचान गर्दा ग्राहकको देहाय बमोजिमको न्यूनतम विवरण लिनु पर्नेछः-

(क) प्राकृतिक व्यक्तिको सम्बन्धमा :-

(अ) पूरा नाम,

(आ) स्थायी र हालको बसोबास वा कार्यरत निकायको पूरा ठेगाना र तत्काल सम्पर्क गर्न सकिने माध्यम सम्बन्धी विवरण,

(इ) जन्म मिति र लिङ्ग,

(ई) आमाबाबु वा आमा वा बाबु मध्ये कुनै एकको पूरा नाम,

(उ) राष्ट्रियता,

(ऊ) ग्राहकको प्रकार बमोजिम देहाय मध्येका कुनै एक विवरण :-

(१) नेपाली नागरिकको हकमा नागरिकता, मतदाता परिचयपत्र, सवारी चालक अनुमतिपत्र वा राहदानीको नम्बर, जारी मिति, जारी भएको स्थान र बहाल रहने अवधि,

(२) नेपाली नाबालकको हकमा जन्म दर्ता प्रमाणपत्र वा नाबालक परिचयपत्र नम्बर र अभिभावक वा संरक्षकको नागरिकता वा राहदानीको नम्बर, जारी मिति, जारी भएको स्थान र बहाल रहने अवधि,

(३) नागरिकता नलिएको नेपाली नागरिकको हकमा गाउँपालिका वा नगरपालिकाको सिफारिस,

(४) विदेशी नागरिकको हकमा राहदानी नम्बर, जारी मिति, जारी भएको स्थान र बहाल रहने अवधि,

(५) राहदानी नभएका भारतीय नागरिकको हकमा भारतीय कानून बमोजिम नागरिक हो भनी लिएको प्रमाणपत्रको नम्बर, मिति, जारी गर्ने निकाय र स्थान,

(६) शरणार्थीको हकमा सम्बन्धित सरकारी वा अन्तर्राष्ट्रिय निकायले दिएको परिचयपत्र नम्बर, जारी र समाप्ति मिति र जारी भएको स्थान ।

(ख) <u>कानूनी व्यक्तिको सम्बन्धमाः-</u>

(अ) कानूनी व्यक्तिको नाम,

(आ) रजिष्टर्ड तथा व्यवसायिक कार्यालयको ठेगाना, फोन, इमेल, वेबसाइट लगायत अन्य कुनै सम्पर्क माध्यमको पूरा विवरण,

(इ) कानूनी व्यक्ति र व्यवसायको प्रकार,

(ई) कानूनी व्यक्तिको दर्ता, अनुमतिपत्र वा इजाजतपत्र र कारोबार अनुमतिपत्र वा नवीकरणको प्रमाणपत्र नम्बर, जारी मिति, बहाल रहने अवधि, जारी गर्ने निकाय र मुलुक,

(उ) कानूनी व्यक्तिको प्रकार बमोजिम दर्ता वा अनुमति प्राप्त गर्न आवश्यक मुख्य कागजात, व्यवसाय वा मुख्य उद्देश्य,

(ऊ) स्थायी लेखा नम्बर वा कर प्रयोजनको लागि सरकारी निकायले प्रदान गरेको त्यस्तै प्रकारको प्रमाणपत्र नम्बर,

(ए) सञ्चालक वा व्यवस्थापन समिति वा त्यस्तै कार्यका लागि गठन भएको अन्य कुनै समिति भए त्यसका पदाधिकारी तथा उच्च व्यवस्थापकको व्यक्तिगत विवरण,

(ऐ) प्रोप्राइटर वा साझेदार वा कानूनी व्यक्तिको दश प्रतिशत वा सो भन्दा बढी स्वामित्व धारण गर्ने शेयरधनीको व्यक्तिगत विवरण,

(ओ) खाता सञ्चालकको व्यक्तिगत विवरण,

(औ) कुनै कानूनी व्यक्तिको दश प्रतिशत वा सो भन्दा बढी शेयर स्वामित्व धारण गर्ने कानूनी व्यक्तिको हकमा त्यस्तो कानूनी व्यक्तिको दश प्रतिशत वा सो भन्दा बढी शेयर धारण गर्ने व्यक्तिको विवरण ।

(ग) <u>कानूनी प्रबन्धको सम्बन्धमा</u> :-

(अ) कानूनी प्रबन्धको नाम, मुख्य उद्देश्य र कार्य,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(आ) कानूनी प्रबन्धको दर्ता वा स्थापना तथा कार्य सञ्चालन गरेको मुलुक र सो को ठेगाना, फोन, इमेल, वेबसाइट लगायत अन्य कुनै सम्पर्क माध्यमको पूरा विवरण,

(इ) दर्ता, अनुमतिपत्र वा इजाजतपत्र र कारोबार अनुमतिपत्र वा नवीकरणको प्रमाणपत्र नम्बर, जारी मिति, बहाल रहने अवधि, जारी गर्ने निकाय र मुलुकको विवरण,

(ई) ट्रष्टी, नियन्त्रक, संरक्षक वा सेटलरको नाम र स्थायी बसोबास वा कार्यस्थलको पूरा ठेगाना र तत्काल सम्पर्क गर्न सकिने माध्यम,

(उ) स्थायी लेखा नम्बर वा कर प्रयोजनको लागि सरकारी निकायले प्रदान गरेको त्यस्तै प्रकारको प्रमाणपत्र नम्बर,

(ऊ) हिताधिकारीको नाम र ठेगाना,

(ए) खाता सञ्चालकको व्यक्तिगत विवरण ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचक संस्थाले सरकारी निकाय वा संस्था वा अन्तरसरकारी अन्तर्राष्ट्रिय संस्थाको ग्राहक पहिचान गर्दा सम्बन्धित निकाय वा संस्थाको खाता वा कारोबार सञ्चालन गर्ने निर्णय, आर्थिक कारोबार गर्ने सम्बन्धमा दिएको अख्तियारनामा र खाता सञ्चालकको व्यक्तिगत विवरण लिनु पर्नेछ ।

(३) सूचक संस्थाले ग्राहक, कारोबार, क्षेत्र, उत्पादन, सेवा, भुक्तानी माध्यम र त्यसको जोखिम अनुरुप ग्राहक पहिचान गर्न आवश्यक थप व्यवस्था गर्नु पर्नेछ ।

(४) सूचक संस्थाले ग्राहकको खाता खोल्दा प्रचलित कानूनको अधीनमा रही ग्राहकको ल्याप्चे सहीछाप लिनु पर्नेछ ।

तर गैर वित्तीय पेशाकर्मी वा व्यवसायीको हकमा सम्बन्धित नियमनकारी निकायले तोके बमोजिम हुनेछ ।

५. ग्राहकको पहिचान गर्न कागजातको जाँचबुझ गर्नु पर्ने : सूचक संस्थाले ऐनको दफा ७क. बमोजिम ग्राहक पहिचानको लागि जाँचबुझ गर्दा देहाय बमोजिमका सक्कल कागजात हेरी त्यसको जाँचबुझ गर्नु पर्नेछ :-

(क) प्राकृतिक व्यक्तिको सम्बन्धमा :-

(अ) नेपाली नागरिकको हकमा नागरिकता प्रमाणपत्र वा मतदाता परिचयपत्र वा सवारी चालक अनुमतिपत्र वा राहदानी,

(आ) नेपाली नाबालकको हकमा जन्म दर्ता प्रमाणपत्र वा नाबालिग परिचयपत्र र अभिभावक/संरक्षकको नागरिकता वा राहदानी,

(इ) नागरिकता नलिएका नेपाली नागरिकको हकमा गाउँपालिका वा नगरपालिकाले दिएको सिफारिसपत्र

(ई) विदेशी नागरिकको हकमा राहदानी,

(उ) राहदानी नभएका भारतीय नागरिकको हकमा भारतीय कानून बमोजिम नागरिक हो भनी दिएको प्रमाणपत्र,

(ऊ) शरणार्थीको हकमा सम्बन्धित सरकारी वा अन्तर्राष्ट्रिय निकायले दिएको परिचयपत्र ।

(ख) कानूनी व्यक्तिको सम्बन्धमा :-

(अ) कानून बमोजिम दर्ता, अनुमतिपत्र, इजाजतपत्र वा काम कारोबार अनुमति वा नवीकरण सम्बन्धी प्रमाणपत्र,

(आ) कानूनी व्यक्तिको प्रकार बमोजिम दर्ता हुन आवश्यक मुख्य कागजात,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(इ) कानूनी व्यक्तिको ठेगाना, व्यवसाय वा कार्यको प्रकार र मुख्य उद्देश्य खुलाउने कागजात,

(ई) स्थायी लेखा नम्बर वा कर प्रयोजनको लागि सरकारी निकायले प्रदान गरेको त्यस्तै प्रकारको प्रमाणपत्र,

(उ) सञ्चालक वा व्यवस्थापन समिति वा त्यस्तै कार्यका लागि गठन भएको अन्य कुनै समिति भए त्यसका पदाधिकारी तथा उच्च व्यवस्थापकको परिचय खुल्ने कागजात,

(ऊ) खाता सञ्चालकको परिचय खुल्ने कागजात ।

(ग) कानूनी प्रबन्धको सम्बन्धमा :-

(अ) कानूनी प्रबन्धको दर्ता वा ट्रष्ट डिड वा स्थापना सम्बन्धी उद्देश्य र कार्य तथा ठेगाना खुल्ने कागजात,

(आ) ट्रष्टी, नियन्त्रक, संरक्षक, सेटलर वा वास्तविक धनीको ठेगाना खुल्ने कागजात,

(इ) कानूनी प्रबन्धको सञ्चालन गर्ने मुख्य पदाधिकारीको परिचय खुल्ने कागजात,

(ई) स्थायी लेखा नम्बर वा कर प्रयोजनको लागि सरकारी निकायले प्रदान गरेको त्यस्तै प्रकारको प्रमाणपत्र,

(उ) खाता सञ्चालकको परिचय खुल्ने कागजात ।

६. वास्तविक धनी पहिचान : (१) सूचक संस्थाले ऐनको दफा ७ग. बमोजिम कानूनी व्यक्ति वा प्रबन्धको वास्तविक धनी पहिचान तथा जाँचबुझ गर्दा सामान्यतया देहायका आधारका अतिरिक्त अन्य उचित उपाय अवलम्बन गर्नु पर्नेछ :-

(क) कानूनी व्यक्ति वा प्रबन्ध उपर नियन्त्रण गर्न सक्ने वा स्वामित्व राख्ने अन्तिम प्राकृतिक व्यक्ति भए निजको पहिचान,

(ख) खण्ड (क) बमोजिम नियन्त्रण वा स्वामित्व राख्ने व्यक्तिको सम्बन्धमा जानकारी नभए वा तत् सम्बन्धमा शङ्का वा अस्पष्टता भएमा वा कानूनी व्यक्ति वा प्रबन्ध उपर नियन्त्रण राख्ने कुनै प्राकृतिक व्यक्ति भए नभएको पहिचान,

(ग) खण्ड (क) वा (ख) बमोजिमको व्यक्ति नपाइएमा उक्त कानूनी व्यक्ति वा प्रबन्धको सञ्चालनमा रहेका मुख्य पदाधिकारीको पहिचान ।

(२) सूचक संस्थाले कानूनी व्यक्ति वा प्रबन्धको स्वामित्व र नियन्त्रण संरचना पहिचान गर्न आवश्यक र उचित उपायहरु अवलम्बन गर्नु पर्नेछ र त्यसका लागि वास्तविक धनी तथा निज उपर नियन्त्रण गर्न सक्ने देहायका व्यक्तिको समेत पहिचान गर्नु पर्नेछ :-

(क) कानूनी व्यक्ति वा प्रबन्ध नियन्त्रण गर्ने वा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा त्यसको दश प्रतिशत वा सो भन्दा बढी शेयर, अन्य स्वामित्व, मूल्य वा मताधिकार वा त्यसको निर्णय उपर नियन्त्रण राख्ने प्राकृतिक व्यक्ति,

(ख) कानूनी व्यक्ति वा प्रबन्धको व्यवस्थापन वा त्यस्तै कार्य गर्ने प्राकृतिक व्यक्ति,

(ग) कानूनी व्यक्ति वा प्रबन्ध उपर नियन्त्रण राख्न सक्ने प्राकृतिक व्यक्ति ।

(३) सूचक संस्थाले ट्रष्ट जस्ता कानूनी प्रबन्ध उपरको नियन्त्रणको पहिचान गर्दा सेटलर, ट्रष्टी, संरक्षक, हिताधिकारी र त्यस उपर नियन्त्रण गर्ने प्राकृतिक व्यक्तिको पहिचान गर्नु पर्नेछ ।

(४) सूचक संस्थाले कुनै व्यक्ति मार्फत कानूनी व्यक्ति वा प्रबन्ध उपर अप्रत्यक्ष स्वामित्व र नियन्त्रणको प्रभावकारिता मापन गर्दा देहाय बमोजिमको मापदण्डको आधारमा समेत गर्नु पर्नेछ :-

(क) शेयरधनी, साझेदार वा हिताधिकारीको हकमा सबैको समानुपातिक स्वामित्व,

(ख) परिवारको हकमा परिवारका सदस्यको समानुपातिक स्वामित्व ।

(५) सूचक संस्थाले देहायको अवस्थामा वास्तविक धनी पहिचान नगर्न सक्नेछ :-

(क) धितोपत्र बजारमा सूचिकृत कानूनी व्यक्तिको हकमा त्यसको वास्तविक धनी र निजको शेयर, नियन्त्रण वा स्वार्थको विवरण कानून बमोजिम सार्वजनिक हुने वा पर्याप्त रुपमा सहजै प्राप्त हुन सक्ने निश्चितता भएमा,

(ख) धितोपत्र बजारमा सूचिकृत कानूनी व्यक्तिको हकमा त्यसको वास्तविक धनी र निजको शेयर, नियन्त्रण वा स्वार्थको विवरण लगायत ऐन बमोजिमका कार्यहरु कानून बमोजिम सार्वजनिक हुने वा पर्याप्त रुपमा सहजै प्राप्त हुन सक्ने निश्चितता भएमा र सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड पालना भएको कुरा प्रतिवेदनहरुबाट सुनिश्चित हुन सकेमा ।

७. ग्राहक पहिचान सम्बन्धी क्षेत्रगत मापदण्ड : (१) बीमा व्यवसायीले ग्राहक पहिचान गर्दा नियम ४ मा उल्लिखित कागजात तथा विवरणका अतिरिक्त देहाय बमोजिम थप जाँचबुझ गर्नु पर्नेछ :-

(क) बीमा हिताधिकारीको जाँचबुझ गर्ने,

(ख) बीमा बापतको कुनै पनि रकम, लाभ वा सुविधा हिताधिकारीलाई भुक्तानी वा प्रदान गर्दा हिताधिकारीको पहिचान गर्ने,

(ग) हिताधिकारीको जोखिमस्तर पहिचान गरी आवश्यक उपाय अवलम्बन गर्ने र सो बमोजिमको जोखिम व्यवस्थापन लगायत बृहत् ग्राहक पहिचान गर्ने,

(घ) हिताधिकारी पहिचान गर्न वा त्यसको वास्तविक धनी पहिचान गर्ने सम्बन्धमा उपयुक्त अन्य कार्य गर्ने ।

(२) यस नियमावलीमा उल्लिखित मापदण्डका अतिरिक्त नियमनकारी निकायले सेवा, उत्पादन, उपकरण, कारोबार, भुक्तानी माध्यम, जोखिम लगायत अन्य आधारमा ग्राहक पहिचानका लागि थप मापदण्ड तोक्न सक्नेछ ।

८. बृहत् ग्राहक पहिचान : (१) सूचक संस्थाले उच्च जोखिम देखिएका ग्राहकको हकमा बृहत ग्राहक पहिचान गर्दा कम्तीमा देहाय बमोजिमका उपाय अवलम्बन गर्नु पर्नेछ :-

(क) आर्थिक वा कानूनी उद्देश्य स्पष्ट नदेखिने जटिल, ठूलो वा अस्वाभाविक प्रवृत्तिको कारोबारको उद्देश्य र पृष्ठभूमि परीक्षण गर्ने,

(ख) ग्राहकको कारोबारको पृष्ठभूमि र उद्देश्यको कारणको पहिचान गर्न सम्भव उपाय अवलम्बन गर्ने,

(ग) ग्राहक वा कारोबार उपरको नियन्त्रण तथा निरन्तर अनुगमन गरी त्यस्तो ग्राहक वा कारोबार अस्वाभाविक वा शङ्कास्पद भए नभएको यकिन गर्ने वा थप अनुगमन वा परीक्षण गर्नु पर्ने कारोबारको पहिचान गर्ने,

(घ) ग्राहक, वास्तविक धनी र सम्बद्ध व्यक्तिको सम्बन्धमा थप विवरण लिने वा सङ्कलन गर्ने,

(ङ) ग्राहकसँगको व्यवसायिक सम्बन्ध, कारोबार र त्यसको प्रकृति र उद्देश्यका सम्बन्धमा थप विवरण लिने वा सङ्कलन गर्ने,

(च) ग्राहकसँगको सम्बन्ध शुरु गर्ने वा निरन्तरता दिने नदिने सम्बन्धमा उच्च व्यवस्थापनको स्वीकृति लिने,

(छ) कारोबारको सीमा तोक्ने,

(ज) प्राप्त कागजातको परीक्षण वा जाँचबुझ गर्न अन्य उपाय अवलम्बन गर्ने,

(झ) पहिलो भुक्तानी बृहत ग्राहक पहिचान गरिएको खाता मार्फत मात्र गर्ने,

(ञ) ग्राहकसँग सम्बन्धित विवरण अद्यावधिक गरिरहने,

(ट) कोष वा सम्पत्तिको स्रोत पहिचान गर्न आवश्यक उपाय अवलम्बन गर्ने,



कानून तथा न्याय मन्त्रालय

(ठ) अनुगमनको निष्कर्षको अभिलेख राखी लेखापरीक्षण लगायत अन्य सक्षम अधिकारीले मागेमा उपलब्ध गराउने,

(ड) खण्ड (क) देखि (ठ) मा उल्लिखित कुराका अतिरिक्त अन्य उपयुक्त उपाय अवलम्बन गर्ने ।

(२) उच्च जोखिममा रहेका ग्राहकको कारोबारको हरेक चरणमा बृहत् ग्राहक पहिचान गर्नु पर्नेछ ।

(३) उच्च जोखिम देखिएको ग्राहकसँग व्यवसायिक सम्बन्ध कायम गर्न वा कारोबारको निरन्तरता दिन व्यवस्थापकीय तहको स्वीकृति आवश्यक हुनेछ ।

९. सरलीकृत ग्राहक पहिचान : (१) सूचक संस्थाले ऐनको दफा ७घ. बमोजिम जोखिम मूल्याङ्कन गर्दा जोखिम कम देखिएको ग्राहकलाई दफा ७च. बमोजिम सरलीकृत ग्राहक पहिचान तथा जाँचबुझ गरी सम्बन्ध स्थापित गर्न, व्यवसायिक सम्बन्धलाई निरन्तरता दिन वा कारोबार गर्न वा गराउन सक्नेछ ।

(२) सूचक संस्थाले नेपाली नागरिकको सामाजिक तथा आर्थिक हितको लागि स्थानीय कार्यक्रमसँग सम्बन्धित विषयमा कुनै उत्पादन वा सेवा प्रवाह गर्ने भएमा नियमनकारी निकायबाट पूर्व स्वीकृति लिई सरलीकृत ग्राहक पहिचान तथा जाँचबुझ गर्न सक्नेछ ।

(३) उपनियम (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचक संस्थाले देहायको अवस्था भएको ग्राहकको सरलीकृत ग्राहक पहिचान तथा जाँचबुझ गर्न सक्ने छैन :-

(क) ग्राहक विदेशी भएमा,

(ख) सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड बृहत् रुपमा पालना नभएको मुलुकको ग्राहक वा ग्राहकको मुख्य कारोबार भएमा,

(ग) ग्राहक सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड बृहत् रुपमा पालना नभएको मुलुकको धितोपत्र बजारमा सूचिकृत रहेको भएमा,

(घ) कानूनी व्यक्ति वा कानूनी प्रबन्धको वास्तविक धनीको विवरण सार्वजनिक रुपमा उपलब्ध हुन सक्ने अवस्था नरहेमा,

(ङ) ग्राहक वा वास्तविक धनी उच्चपदस्थ व्यक्ति भएमा,

(च) उच्च जोखिम देखिएको वा शङ्कास्पद भएको व्यक्ति भएमा, वा

(छ) वार्षिक रुपमा एक लाख रुपैयाँ भन्दा बढी रकमको कारोबार हुने भएमा ।

(४) नियमनकारी निकायले सरलीकृत ग्राहक पहिचान तथा सम्पुष्टि सम्बन्धमा आवश्यक मापदण्ड निर्धारण गर्न सक्नेछ ।

१०. आफै उपस्थित नहुने ग्राहक वा कारोबार सम्बन्धी व्यवस्था : (१) सूचक संस्थाले आफै उपस्थित नभई स्थापित हुने व्यवसायिक सम्बन्ध वा कारोबारका सम्बन्धमा ऐनको दफा ७ट. बमोजिम जोखिम मूल्याङ्कन गरी व्यवस्थापनका आवश्यक उपाय अबलम्बन गर्नु पर्नेछ ।

स्पष्टीकरण : यस नियमको प्रयोजनको लागि "आफै उपस्थित नभई स्थापित हुने व्यवसायिक सम्बन्ध वा कारोबार" भन्नाले सामान्यतया देहायका सम्बन्ध वा कारोबारलाई सम्झनु पर्छ :-

(क) इन्टरनेट, टेलिफोन, फ्याक्स, हुलाक वा यस्तै अन्य प्रकारले स्थापित व्यवसायिक सम्बन्ध,

(ख) इन्टरनेट मार्फत हुने कारोबार,

(ग) एटिएम मार्फत हुने कारोबार,

(घ) टेलिफोन वा मोवाइल बैंकिङ्ग,

(ङ) फ्याक्स वा विद्युतीय माध्यम वा अन्य त्यस्तै उपकरण मार्फत कारोबारका लागि दिने निर्देशन वा कारोबार,

(च) विद्युतीय माध्यम वा प्रिपेड वा पुन: मूल्य थप गर्न सकिने कार्ड वा खाता मार्फत नगद वा भुक्तानी हुने वा प्राप्त गर्ने कारोबार ।

(२) सूचक संस्थाले यस नियम बमोजिम ग्राहकको पहिचानको लागि कानून बमोजिम अधिकार प्राप्त अधिकारीबाट प्रमाणित भएका कागजातहरु ग्राहकसँग लिनु पर्नेछ ।

११. कारोबार गर्न नहुने : (१) सूचक संस्थाले ऐनको दफा ७ण. र नियम ४ वा ५ बमोजिम माग गरेको विवरण वा कागजात उपलब्ध नगराउने ग्राहकसँग व्यवसायिक सम्बन्ध कायम गर्न वा कारोबार गर्न सक्ने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचक संस्थाले माग गरेको कागजात तथा विवरण पेश गर्न नसकेको कारण खुलाई कागजात तथा विवरण पेश गरेमा र त्यस्तो कारण मनासिब देखिएमा सूचक संस्थाले ग्राहकको विवरण अद्यावधिक गरी व्यावसायिक सम्बन्ध स्थापना वा कारोबार गर्न सक्नेछ ।

१२. अभिलेख सम्बन्धी थप व्यवस्था : ऐनको दफा ७द. को प्रयोजनको लागि सूचक संस्थाले अनुगमन, जोखिम मूल्याङ्कन तथा आन्तरिक नियन्त्रण र सो सम्बन्धी विवरण तथा कागजातको अभिलेख राख्नु पर्नेछ ।

१३. कारोबार रकमको सीमा : (१) राष्ट्र बैंकले ऐनको दफा १०क. को प्रयोजनको लागि कारोबार रकमको सीमा तोक्दा कारोबारको क्षेत्र, विषय र प्रकृतिलाई विचार गरी फरक फरक कारोबारको लागि फरक फरक रकमको सीमा तोक्न सक्नेछ ।

(२) राष्ट्र बैंकले उपनियम (१) बमोजिम कारोबार रकमको सीमा तोक्दा सम्बन्धित नियमनकारी वा कार्यान्वयन गर्ने सरकारी निकायको परामर्श लिन सक्नेछ ।

(३) राष्ट्र बैंकले उपनियम (१) बमोजिम कारोबार रकमको सीमा तोक्दा वा त्यस्तो सीमामा हेरफेर गरेमा त्यसको सूचना आफ्नो वेवसाइटमा समेत राख्नु पर्नेछ ।

१४. विद्युतीय माध्यमबाट विवरण पेश गर्ने : (१) सूचक संस्थाले ऐन तथा नियमावली बमोजिम वित्तीय जानकारी इकाईलाई दिनु पर्ने सूचना वा विवरण वित्तीय जानकारी इकाईले तोकेको मितिदेखि नियमित रुपमा विद्युतीय माध्यमबाट दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचना वा विवरण वित्तीय जानकारी इकाईले निर्धारण गरेको ढाँचामा दिनु पर्नेछ ।

## परिच्छेद-३

## नियमन र सुपरीवेक्षण सम्बन्धी व्यवस्था

१५. नियमनकारी निकायको काम, कर्तव्य र अधिकार : ऐनमा तोकिएको काम, कर्तव्य र अधिकारका अतिरिक्त नियमनकारी निकायको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) ऐनको दफा १० को उपदफा (१) को खण्ड (ञ) को प्रयोजनका लागि आवश्यक विवरण वित्तीय जानकारी इकाईलाई उपलब्ध गराउने,

(ख) सूचक संस्थाले वित्तीय जानकारी इकाईमा पेश गरेका विवरण, प्रतिवेदनको सङ्ख्या, प्रकृति, गुणस्तर लगायतका विषयमा जानकारी लिने ।

१६. नियमनकारी निकायहरुका बीच सहयोग आदान प्रदान हुन सक्ने : (१) सूचक संस्थाको नियमन, अनुगमन तथा सुपरीवेक्षण गर्ने कार्य प्रभावकारी रुपमा सम्पन्न गर्नको लागि नियमनकारी निकायले स्वदेशी तथा विदेशी मुलुकको समान प्रकृतिको काम गर्ने निकायसँग देहाय बमोजिम सहयोग आदान प्रदान गर्न सक्नेछ :-

(क) नेपालभर समान प्रकृतिको व्यवसाय गर्ने सूचक संस्था वा फरक फरक प्रकृतिको व्यवसाय गर्ने सूचक संस्थाको संयुक्त रुपमा निरीक्षण, अनुगमन तथा सुपरीवेक्षण गर्ने,

(ख) विदेशी मुलुकको समान काम गर्ने नियमनकारी निकायसँग मिलेर सूचक संस्थाको निरीक्षण, अनुगमन तथा सुपरीवेक्षण गर्ने,

(ग) विदेशी मुलुकको समान काम गर्ने नियमनकारी निकायसँग पारस्परिकताको आधारमा सहयोग आदान प्रदान सम्बन्धी समझदारी कायम गर्ने र सो को कार्यान्वयन दुई पक्षीय वा बहुपक्षीय हित हुने गरी गर्ने,

(घ) विदेशी मुलुकको समान काम गर्ने निकायले माग गरेको सूचना वा जानकारी आवश्यकता अनुसार नियमनकारी निकायको कार्यक्षेत्रभित्रको सूचक संस्थाबाट प्राप्त गरी उपलब्ध गराउने ।

(२) स्वदेशी वा विदेशी नियमनकारी निकाय बीच आदान प्रदान हुने सूचना वा विवरणको प्रयोग त्यस्तो सूचना वा विवरण प्रवाह गर्ने नियमनकारी निकायले तोकेको प्रयोजनका लागि मात्र प्रयोग गर्न सकिनेछ ।

## परिच्छेद-४
## वित्तीय जानकारी इकाई

१७. वित्तीय जानकारी इकाईको काम, कर्तव्य र अधिकार : ऐनमा उल्लेख गरिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त वित्तीय जानकारी इकाईको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कानून बमोजिम कुनै कार्य वा कसूर उपर कुनै कारबाही गर्न सक्ने अधिकार प्राप्त निकाय वा अधिकारीलाई सूचना वा विश्लेषण सम्प्रेषण गर्ने,

(ख) सूचना प्राप्ति, विश्लेषण लगायत वित्तीय जानकारी इकाईको कार्य सम्पादनको लागि आवश्यक विद्युतीय सूचना सञ्जाल स्थापना र सञ्चालन गर्ने,

(ग) सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा सम्पर्क विन्दु (फोकल प्वाइन्ट) को रुपमा काम गर्ने,

(घ) कुनै विदेशी निकायले सिधै वा आफ्नो समकक्षी मार्फत कुनै सूचना माग गरेमा समकक्षीको अनुरोध सरह नै त्यस्तो सूचना प्रवाह गर्ने,

(ङ) विदेशी मुलुकको वित्तीय जानकारी इकाईसँग सूचना आदान प्रदान गर्दा सो सम्बन्धमा "एगमन्ट समूह (एगमन्ट ग्रुप)" ले तय गरेका सिद्धान्तलाई सामान्य सिद्धान्तको रुपमा लिई कार्य गर्ने,

(च) विदेशी मुलुकको वित्तीय जानकारी इकाईसँग सूचना आदान प्रदान गर्ने सम्बन्धमा आवश्यकता अनुरुप समझदारी कायम गर्ने,

(छ) विदेशी मुलुकको वित्तीय जानकारी इकाईबाट प्राप्त सूचना वा आफूले प्रवाह गरेको सूचनाको प्रयोग र उपलब्धिका बारेमा पृष्ठपोषण माग गर्ने र दिने ।

१८. सूचना आदान प्रदान गर्न सक्ने : (१) वित्तीय जानकारी इकाईले आफ्नो कार्य सम्पादनको सिलसिलामा विदेशी समकक्षी वा अन्य निकायसँग आदान प्रदान गरेको सूचनाको प्रयोग जुन प्रयोजनका लागि माग गरिएको हो सोही प्रयोजनको सीमामा रही गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम आदान प्रदान गरिएको सूचनाको गोप्यता कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

## परिच्छेद-५
## उजुरी, जाँचबुझ र अनुसन्धान

१९. उजुरी दर्ता किताबमा अभिलेख गर्नु पर्ने : (१) विभागले ऐनको दफा १३ बमोजिम प्राप्त हुन आएको उजुरी वा सूचना अनुसूची-१ मा उल्लेख भए बमोजिमको ढाँचाको दर्ता किताबमा दर्ता गर्नु पर्नेछ ।

(२) विद्युतीय माध्यमबाट प्राप्त विवरण समेतलाई उपनियम (१) बमोजिम दर्ता गर्नु पर्नेछ ।

(३) विभागले गोपनीयताको लागि नाम उल्लेख गर्न नचाहने उजुरीकर्ताको हकमा सङ्केत सम्बन्धी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

२०. प्रमाणको नक्कल दिन सक्ने : ऐन र यस नियमावली बमोजिम उजुरी वा सूचना दिने व्यक्तिले त्यस्तो उजुरीसँग कुनै प्रमाण पेश गरेको रहेछ र त्यस्तो प्रमाणको नक्कल उजुरी वा सूचना दिने व्यक्तिले माग गरेमा विभागले त्यसको नक्कल प्रमाणित गरी त्यस्तो व्यक्तिलाई दिन सक्नेछ ।

२१. प्रारम्भिक जाँचबुझ सम्बन्धी व्यवस्था : ऐनको दफा १३ बमोजिम प्राप्त उजुरी वा दफा १० बमोजिम वित्तीय जानकारी इकाईबाट प्राप्त सूचनाको प्रारम्भिक जाँचबुझ गर्दा वा गराउँदा विभाग प्रमुखले त्यस्तो सूचना, कागजात, विवरण वा तथ्य सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरसँग सम्बन्धित भए नभएको सम्बन्धमा समेत आवश्यक जाँचबुझ गर्न मातहतको कुनै अधिकृतलाई खटाउन सक्नेछ ।

२२. प्रतिवेदन पेश गर्नु पर्ने : जाँचबुझ अधिकृतले प्रारम्भिक जाँचबुझ सम्बन्धी कार्य सम्पन्न हुनासाथ आफ्नो राय सहितको प्रतिवेदन विभागको प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

२३. अनुसन्धान अधिकृतको नियुक्ति गर्ने वा तोक्ने : (१) नियम २२ बमोजिम प्राप्त प्रतिवेदन समेतको आधारमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूर भएको वा हुन सक्ने मनासिब आधार भई विभागको प्रमुखले अनुसन्धान अधिकृत नियुक्त गर्दा वा तोक्दा अनुसूची-२ बमोजिमको ढाँचामा नियुक्त गर्नु वा तोक्नु पर्नेछ ।

(२) विभागको प्रमुखले उपनियम (१) बमोजिम अनुसन्धान अधिकृत नियुक्त गर्दा वा तोक्दा अनुसन्धान सम्पन्न गर्न आवश्यक पर्ने समयावधि तोकी सहयोगी कर्मचारीको नाम समेत उल्लेख गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिमको अवधिभित्र अनुसन्धान सम्पन्न हुन नसकेमा अनुसन्धान अधिकृतले सो को कारण खुलाई अवधि थप गर्न विभागको प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम अवधि थप गर्नको लागि अनुरोध भएमा अनुसन्धानको प्रकृति एवम् प्रगति हेरी विभागको प्रमुखले एक पटकमा तीस दिनमा नबढ्ने गरी आवश्यक अवधि थप्न सक्नेछ ।

२४. अनुसन्धान प्रगति विवरण पेश गर्नु पर्ने : अनुसन्धान अधिकृतले आफूलाई तोकिएको मुद्दाको अनुसन्धानको प्रगति सम्बन्धी विवरण समय तोकिएको भए तोकिएको समयमा र समय नतोकिएको भए नियमित रुपमा विभाग प्रमुख वा निजले तोकेको उपप्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

२५. सम्पत्ति खोजतलास र पहिचान : अनुसन्धान अधिकृतले अनुसन्धान गर्दा कसूरबाट प्राप्त सम्पत्ति वा साधन र त्यसबाट बढे बढाएको सम्पत्ति, कसूरमा संलग्न व्यक्तिहरुको खोजतलास तथा पहिचान गर्नु पर्नेछ ।

२६. जाँचबुझ तथा अनुसन्धान सम्बन्धी कार्यलाई प्रभावकारी बनाउने : विभागको जाँचबुझ तथा अनुसन्धान सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन विभागको प्रमुखले आवश्यकता अनुसार विभागको उपप्रमुखको संयोजकत्वमा अधिकृतहरु सम्मिलित रहेको समितिहरु गठन गर्न सक्नेछ ।

२७. संयुक्त अनुसन्धान टोली गठन सम्बन्धी व्यवस्था : विभागको प्रमुखले ऐनको दफा १५ बमोजिम अनुसन्धानका लागि अन्य निकायलाई जिम्मेवारी दिँदा वा संयुक्त अनुसन्धान टोलीको गठन गर्दा सम्बन्धित निकायसँग देहायका विषयमा समझदारी गर्न सक्नेछ :-

(क) टोलीको नेतृत्व,

(ख) संयुक्त अनुसन्धानको अनुसन्धान अधिकृत नियुक्ति, सहायक अनुसन्धान अधिकृत वा कर्मचारीको सङ्ख्या, नाम र विषेशज्ञता,

(ग) अनुसन्धानको क्षेत्र र कार्यावधि,

(घ) अनुसन्धानका लागि आवश्यक साधन र स्रोतको व्यवस्था,

(ङ) अन्य आवश्यक विषय ।

२८. उपस्थिति हुनको लागि दिइने सूचनाको ढाँचा : जाँचबुझ अधिकृत वा अनुसन्धान अधिकृतले प्रारम्भिक जाँचबुझ वा अनुसन्धानको सिलसिलामा कसैलाई सोधपुछ वा बयानको लागि उपस्थित हुन सूचना दिंदा वा कसैबाट स्पष्टीकरण माग गर्दा त्यस्तो व्यक्तिलाई अनुसूची-३ बमोजिमको ढाँचामा सूचना दिनु पर्नेछ ।

२९. खानतलासी तथा बरामद : (१) जाँचबुझ अधिकृत वा अनुसन्धान अधिकृतले उजुरी वा कसूरको जाँचबुझ वा अनुसन्धानको सिलसिलामा शरीरको तलासी, सवारी साधनको तलासी गर्दा अनुसूची-४ बमोजिमको ढाँचामा गर्नु पर्नेछ ।

(२) कसूरको जाँचबुझ वा अनुसन्धानको सिलसिलामा कसैको घर कम्पाउण्ड, कारोबार स्थलमा प्रवेश गर्दा र त्यसरी खानतलासी गर्दा कुनै सामान बरामद भएमा वा नियन्त्रणमा लिएमा अनुसूची-५ बमोजिमको मुचुल्का गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम खानतलासी गर्दा बरामद भएको नगद, जिन्सी वा अन्य कुनै मालसामान आफूसँग लैजानु परेमा जाँचबुझ अधिकृत वा अनुसन्धान अधिकृतले त्यस्तो मालसामान बुझेको भरपाई तयार गरी संस्था भए त्यसको पदाधिकारी र अन्य व्यक्ति भए घरधनी वा मालसामान धनी वा मालसामान जिम्मा रहेको व्यक्तिलाई दिनु पर्नेछ र निज फेला नपरेमा वा फेला परे पनि निजले भरपाई बुझ्न नमानेमा त्यस्तो भरपाई गाउँपालिका वा नगरपालिकाको प्रतिनिधिलाई जिम्मा दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको गाउँपालिका वा नगरपालिकाको प्रतिनिधि फेला नपरेमा बरामद गरिएको स्थानमा त्यस्तो भरपाई टाँस गरी बरामदी मुचुल्कामा सो व्यहोरा समेत जनाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम भरपाई टाँस गरे पछि सम्बन्धित व्यक्तिले रीतपूर्वक भरपाई बुझेको मानिनेछ ।

३०. पक्राउ पूर्जीको ढाँचा : अनुसन्धान अधिकृतले अनुसन्धानको सिलसिलामा कसैलाई पक्राउ गर्दा अनुसूची-६ बमोजिमको ढाँचामा पक्राउ पूर्जी दिनु पर्नेछ ।

३१. थुनुवा पूर्जीको ढाँचा : अनुसन्धान अधिकृतले अनुसन्धानको सिलसिलामा थुनामा राख्दा वा जमानत माग गरेकोमा त्यस्तो जमानत दिन नसकेको कारणबाट मुद्दा हेर्ने अधिकारीको अनुमतिले कुनै व्यक्तिलाई थुनामा राख्नु परेमा अनुसूची-७ बमोजिमको ढाँचामा थुनुवा पूर्जी दिनु पर्नेछ ।

३२. तारेख किताब र तारेख पर्चाको ढाँचा : अनुसन्धान अधिकृतले अभियुक्तलाई तारेखमा राख्दा अनुसूची-८ बमोजिमको ढाँचाको तारेख किताब खडा गरी अनुसूची-९ बमोजिमको ढाँचामा तारेख पर्चा दिनु पर्नेछ ।

३३. धरौटी जमानत माग्ने र धरौटी वा जमानत दिएको लिखतको ढाँचा : (१) अनुसन्धान अधिकृतले अभियुक्तबाट धरौटी वा जमानत माग गर्ने आदेश गर्दा अनुसूची-१० बमोजिमको ढाँचामा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम धरौटी वा जमानत दिंदा अभियुक्तले आफ्नो नामको सम्पत्ति धरौटी वा जमानत दिएकोमा अनुसूची-११ र अभियुक्तको तर्फबाट अन्य व्यक्तिले धरौटी वा जमानत दिएकोमा त्यस्तो व्यक्तिले अनुसूची-१२ बमोजिमको ढाँचामा लिखत गर्नु पर्नेछ ।

३४. सम्पत्ति, खाता, कारोबार रोक्का गर्ने आदेशको ढाँचा : जाँचबुझ अधिकृत वा अनुसन्धान अधिकृतले कसूरसँग सम्बन्धित सम्पत्ति वा साधन ऐनको दफा १८ बमोजिम रोक्का राख्दा वा नियन्त्रणमा लिंदा अनुसूची-१३ बमोजिमको ढाँचामा आदेश गरी लिनु वा राख्नु पर्नेछ ।

३५. रोक्का तथा फुकुवाको अभिलेख राख्ने : (१) विभागले कुनै अभियुक्तबाट वा निजको तर्फबाट धरौटी जमानत लिएकोमा वा कुनै सम्पत्ति वा साधन नियन्त्रणमा लिएकोमा वा रोक्का राखेकोमा त्यस्तो रोक्का विवरण सहितको अभिलेख खडा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अभिलेखमा उजुरी दर्ता नम्बर, अभियुक्तको नाम, थर, वतन, सम्पत्ति, साधनको विवरण, रोक्का राख्ने वा नियन्त्रणमा लिने आदेश भएको मिति, रोक्का राख्ने वा नियन्त्रणमा लिने कार्यालय, रोक्का राख्न वा नियन्त्रणमा लिन लेखिएको पत्रको मिति र चलानी नम्बर समेत खुलाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम रोक्का राखिएको वा नियन्त्रणमा लिइएको सम्पत्ति फुकुवा भएमा विभागले सो को अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ ।

(४) कसूरजन्य सम्पत्ति वा साधन रोक्का, नियन्त्रण र जफतका सम्बन्धमा विभागले कानून बमोजिमको विवरण, जफत सम्पत्ति तथा साधन सम्बन्धित विभागमा पठाउनु पर्नेछ ।

३६. <u>अनुसन्धान प्रतिवेदन र अभियोगको ढाँचा</u> : (१) अनुसन्धान अधिकृत वा अनुसन्धान गर्ने निकायले अनुसन्धानको कार्य सम्पन्न गरेपछि त्यसको प्रतिवेदन अनुसूची-१४ बमोजिमको ढाँचामा विभाग समक्ष पेश गर्नु पर्नेछ ।

(२) विभागले मुद्दा दायर गर्दा अनुसूची-१५ बमोजिमको ढाँचामा अभियोगपत्र तयार गरी दायर गर्नु पर्नेछ ।

३७. <u>सहयोग आदान प्रदान गर्न सक्ने</u> : (१) विभागले अन्य मुलुकको समान प्रकृतिको काम गर्ने निकायसँग अनुसन्धानसँग सम्बन्धित विषयमा आपसी सहयोग आदान प्रदान गर्ने सम्बन्धमा आवश्यक सहकार्य गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको आपसी सहयोगको प्रयोग दुई पक्षीय वा बहुपक्षीय हित हुने गरी गर्नु पर्नेछ ।

३८. <u>जाँचबुझ अधिकृत वा अनुसन्धान अधिकृत हेरफेर गर्न सक्ने</u> : कुनै जाँचबुझ अधिकृत वा अनुसन्धान अधिकृतले निजलाई तोकिएको काम कुनै कारणवश सम्पन्न गर्न नसकेमा वा निजबाट त्यस्तो काम गराउन उपयुक्त छैन भन्ने मनासिब कारण भएमा त्यस्तो कारण खुलाई विभागको प्रमुखले निजको सट्टा अर्को जाँचबुझ अधिकृत वा अनुसन्धान अधिकृत नियुक्त गर्न वा तोक्न सक्नेछ ।

३९. <u>विशेषज्ञ सेवा लिन सक्ने</u> : उजुरीको जाँचबुझ वा कसुरको अनुसन्धानको सिलसिलामा कुनै विषयमा विशेषज्ञको सेवा लिन आवश्यक परेमा विभागले त्यस्तो विशेषज्ञको सेवा लिन सक्नेछ ।

४०. <u>खर्च प्रमाणित गर्न सक्ने</u> : जाँचबुझ अधिकृत वा अनुसन्धान अधिकृतले प्रारम्भिक जाँचबुझ वा अनुसन्धानको सिलसिलामा बिल भरपाई आउन नसक्ने काममा गरेको खर्च विभागको प्रमुखले औचित्य हेरी प्रमाणित गरिदिन सक्नेछ ।

४१. <u>विशेष अनुसन्धान प्रविधि सम्बन्धी व्यवस्था</u> : अनुसन्धान अधिकृत वा अनुसन्धान निकायले ऐनको दफा १९ग. बमोजिम विशेष अनुसन्धान प्रविधि अवलम्बन गर्न आवश्यक व्यवस्था गर्न सक्नेछ ।

४२. <u>रोक्का फुकुवा सम्पत्ति वा साधन फिर्ता गर्ने</u> : (१) अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिको सम्पत्ति, खाता, राहदानी वा निजको तर्फबाट दिइएको जेथाजमानी रोक्का राखेकोमा त्यस्तो व्यक्ति उपर मुद्दा नचलाउने निर्णय भएमा विभागको प्रमुखले निर्णय भएको सात दिनभित्र त्यस्तो रोक्का फुकुवा गरिदिनु पर्नेछ ।

(२) ऐन बमोजिम दायर भएको मुद्दामा अभियुक्तले अदालतबाट सफाई पाएमा र त्यस्तो सफाइ उपर पुनरावेदन नगर्ने निर्णय भएमा त्यस्तो व्यक्तिको रोक्का राखिएको खाता, राहदानी, सम्पत्ति, कारोबार पुनरावेदन गर्ने म्याद समाप्त भएको मितिले सात दिनभित्र फुकुवा गरिदिनु पर्नेछ ।

## परिच्छेद-६
## <u>विविध</u>

४३. <u>तामेली वा मुल्तबीमा राख्न सकिने</u> : (१) विभागमा प्राप्त उजुरी वा सूचना वस्तुनिष्ठ वा तथ्यपरक भएको नदेखिएमा विभाग प्रमुखले त्यस्तो उजुरी वा सूचना तामेली वा मुल्तवीमा राख्ने निर्णय गर्न सक्नेछ ।

(२) विभागले उपनियम (१) बमोजिम उजुरी वा सूचना तामेलीमा वा मुल्तबीमा राख्ने गरेको निर्णयको जानकारी सम्बन्धित उजुरीकर्ता वा सूचक संस्थाले माग गरेमा दिनु पर्नेछ ।

४४. <u>विश्लेषण र अनुसन्धानमा प्राथमिकता</u> : विभागलाई प्राप्त उजुरी वा सूचनाको अनुसन्धान गर्दा वा वित्तीय जानकारी इकाईलाई प्राप्त सूचनाको विश्लेषण गर्दा विभाग वा वित्तीय जानकारी इकाईले विषयको गाम्भीर्य र संवेदनशीलताको आधारमा प्राथमिकता निर्धारण गर्नु पर्नेछ ।

४५. <u>स्वार्थ बाझिएमा अनुसन्धानमा संलग्न हुन नहुने</u> : (१) देहायको अवस्था रहेमा स्वार्थ बाझिएको मानिनेछ र त्यस्तो अवस्थामा कसैले पनि विश्लेषण वा अनुसन्धान सम्बन्धी कार्य गर्न पाउने छैन :-

(क) आफू वा नजिकको नातेदार संलग्न रहेको अवस्थामा,

(ख) आफ्नो हित संलग्न रहेको विषयमा,

(ग) आफ्नो तत्कालको सुपरिवेक्षक विरुद्धको विषयमा ।

<u>स्पष्टीकरण</u> : यस नियमको प्रयोजनको लागि “नजिकको नातेदार” भन्नाले एकासगोलको अंशियार वा पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, बाजे, बज्यै, सासु, ससुरा, दाजु, भाइ, दिदी, बहिनी, भाउजू, बुहारी, ठूलो बा, ठूली आमा, काका, काकी, भिनाजु, ज्वाइँ, मामा, माइजू, जेठाज्यू, जेठानी, देवर, देवरानी, नन्द, आमाजु, जेठान, दिदीसासु, साला, साली, साढु दाइ, साढु भाइ, धर्मपुत्र, धर्मपुत्री र सौतेनी आमा सम्झनु पर्छ ।

(२) विश्लेषण वा अनुसन्धान अधिकृतले विश्लेषण वा अनुसन्धान सम्बन्धी कार्य शुरु गर्नु अघि अनुसूची-१६ बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

४६. <u>भन्सारमा उद्घोषण गर्नु पर्ने</u> : (१) ऐनको दफा २९क. बमोजिम मुद्रा तथा धारक विनिमेय अधिकारपत्रको उद्घोषण गर्ने फारामको ढाँचा अनुसूची-१७ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) ऐनको दफा २९क. बमोजिम उद्घोषण सम्बन्धी विवरणको जानकारी वित्तीय जानकारी इकाईलाई दिने तरिका भन्सार विभागको समन्वयमा वित्तीय जानकारी इकाईले तोके बमोजिम हुनेछ ।

४७. <u>कार्यान्वयन समिति</u> : (१) ऐनको दफा ३५ बमोजिम राष्ट्रिय जोखिम मूल्याङ्कन गर्न वा गराउन तथा राष्ट्रिय समन्वय समितिको कार्यलाई सहयोग पुऱ्याउन देहाय बमोजिमको कार्यान्वयन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | डेपुटी गभर्नर, राष्ट्र बैंक | -संयोजक |
| (ख) | प्रमुख, अपराध अनुसन्धान विभाग, प्रहरी प्रधान कार्यालय | - सदस्य |
| (ग) | प्रहरी अतिरिक्त महानिरीक्षक, सशस्त्र प्रहरी बल | -सदस्य |
| (घ) | सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (ङ) | सहसचिव, अर्थ मन्त्रालय | -सदस्य |
| (च) | सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | -सदस्य |
| (छ) | सहसचिव, गृह मन्त्रालय | -सदस्य |
| (ज) | सहसचिव, परराष्ट्र मन्त्रालय | -सदस्य |
| (झ) | सहसचिव, वन तथा भू-संरक्षण मन्त्रालय | -सदस्य |
| (ञ) | सहसचिव, अख्तियार दुरुपयोग अनुसन्धान आयोग | - सदस्य |
| (ट) | प्रमुख, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | - सदस्य |
| (ठ) | महानिर्देशक, आन्तरिक राजस्व विभाग | - सदस्य |
| (ड) | महानिर्देशक, राजस्व अनुसन्धान विभाग | - सदस्य |
| (ढ) | महानिर्देशक, भन्सार विभाग | - सदस्य |
| (ण) | महानिर्देशक, अध्यागमन विभाग | - सदस्य |
| (त) | महानिर्देशक, उद्योग विभाग | - सदस्य |
| (थ) | रजिष्ट्रार, कम्पनी रजिष्ट्रारको कार्यालय | - सदस्य |
| (द) | रजिष्ट्रार, सहकारी विभाग | - सदस्य |

(ध) उपप्रमुख, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग -सदस्य
(न) सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय -सदस्य
(प) कार्यकारी निर्देशक, बैंक सुपरीवेक्षण विभाग, राष्ट्र बैंक - सदस्य
(फ) कार्यकारी निर्देशक, बीमा समिति - सदस्य
(ब) कार्यकारी निर्देशक, नेपाल धितोपत्र बोर्ड - सदस्य
(भ) प्रमुख, केन्द्रीय अनुसन्धान ब्यूरो - सदस्य
(म) प्रमुख, वित्तीय जानकारी इकाई - सदस्य
(य) उपसचिव, अर्थ मन्त्रालय सदस्य-सचिव

(२) कार्यान्वयन समितिले आफ्नो कार्यमा सहयोग पुऱ्याउन आवश्यकता अनुसार उपसमितिहरु गठन गर्न सक्नेछ र त्यस्तो उपसमितिको कार्यक्षेत्र सो उपसमिति गठन गर्दा निर्धारण भए बमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिमका उपसमितिको बैठक सो उपसमितिको संयोजकले आवश्यकता अनुसार बोलाउन सक्नेछ र बैठकको कार्यविधि सो उपसमिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) बैठकमा आवश्यकता अनुसार सम्बन्धित निकायका पदाधिकारी वा अन्य कुनै विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

४८. सहयोग आदान प्रदानको आधार : वित्तीय जानकारी इकाई, नियमनकारी निकाय वा विभागले विदेशी मुलुकसँग समझदारी कायम गर्दा वा सूचना वा सहयोग आदान प्रदान गर्दा राष्ट्रिय हितमा प्रतिकूल असर नपर्ने गरी गर्नु पर्नेछ ।

४९. जानकारी दिनु पर्ने : (१) वित्तीय जानकारी इकाईबाट सम्प्रेषित सूचना उपरको कारबाहीका सम्बन्धमा सम्बन्धित निकायले वित्तीय जानकारी इकाईलाई पृष्ठपोषण दिनु पर्नेछ ।

(२) वित्तीय जानकारी इकाईले कुनै सूचक संस्थाको विरुद्ध कारबाही गरेमा सो को जानकारी सम्बन्धित नियमनकारी निकायलाई दिनु पर्नेछ ।

(३) नियमनकारी निकायले कुनै सूचक संस्थालाई ऐन बमोजिम कारबाही गरेमा सो को जानकारी वित्तीय जानकारी इकाई र विभागलाई दिनु पर्नेछ ।

५०. जानकारी माग्ने माध्यम : ऐनको दफा ४४ख. बमोजिम कुनै निकायमा रहेको गोप्य कागज, सूचना, जानकारी वा विवरण माग वा प्रदान गर्दा सहज, सरल, छिटो र भरपर्दो हुने गरी गर्नु पर्नेछ ।

५१. जरिबाना वा कारबाही सम्बन्धी कार्यविधि : (१) मुद्दा चलेकोमा बाहेक ऐन बमोजिम जरिबाना गर्न सक्ने अधिकार प्राप्त निकायले कुनै व्यक्तिलाई जरिबाना गर्नु पर्दा जरिबाना गर्नु पर्ने कामको संक्षिप्त व्यहोरा, जरिबाना गर्नु पर्ने कारण तथा आधार र जरिबाना रकम प्रस्ताव गरी निजलाई आफ्नो सफाई पेश गर्न कम्तीमा सात दिनको समय दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र सफाई पेश नगरेमा वा पेश गरेको सफाई सन्तोषजनक नभएमा त्यस्तो व्यक्तिलाई ऐन बमोजिम जरिबाना गर्नु पर्नेछ ।

५२. कार्यविधि वा दिग्दर्शन बनाई लागू गर्ने : (१) विभागले ऐन तथा यस नियमावली बमोजिम आफूले सम्पादन गर्नु पर्ने कार्यलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार देहायको विषयमा आन्तरिक कार्यविधि वा दिग्दर्शन बनाई लागू गर्न सक्नेछ :-

(क) अनुसन्धान सम्बन्धी विषयमा,
(ख) कसूरबाट प्राप्त सम्पत्ति वा साधन र सो बाट बढे बढाएको सम्पत्ति र कसूरमा संलग्न व्यक्तिहरुको खोजतलास र पहिचान सम्बन्धी विषयमा ।

(२) नियमनकारी निकायले ऐन तथा यस नियमावली अन्तर्गत आफूले सम्पादन गर्नु पर्ने कार्यलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार आन्तरिक कार्यविधि वा नियमन सुपरीवेक्षण दिग्दर्शन बनाई लागू गर्न सक्नेछ ।

५३. अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने : अर्थ मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।

५४. खारेजी तथा बचाउ : (१) सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०६६ खारेज गरिएको छ ।

(२) उपनियम (१) बमोजिमको नियमावली बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिने छ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-१
(नियम १९ को उपनियम (१) सँग सम्बन्धित)
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग
<u>उजुरी/सूचना दर्ता किताब</u>

| सूचना सङ्कलन दर्ता नं. | दर्ता मिति | उजुरी/सूचना दिनेको नाम, थर र ठेगाना वा सङ्केत नं. | आरोपित व्यक्तिको नाम, थर र ठेगाना | व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-२
(नियम २३ को उपनियम (१) सँग सम्बन्धित)
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

मिति :

विषय : अनुसन्धान अधिकृत नियुक्त गरिएको/तोकिएको ।

श्री ........................
............................. ।

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिम प्राप्त उजुरी वा सूचनाका सम्बन्धमा अनुसन्धान गर्नको लागि तपाईंलाई उक्त ऐनको दफा १५ तथा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ को नियम २३ बमोजिम अनुसन्धान अधिकृत नियुक्त गरिएको/तोकिएको छ। विभागको प्रमुखको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रही अनुसन्धानको कार्य .................. दिनभित्र पूरा गरी विभागमा आफ्नो राय सहितको प्रतिवेदन पेश गर्नु होला । तपाईंका सहयोगी कर्मचारी देहाय बमोजिम हुने छन् ।

१. उजुरी/सूचना दर्ता नम्बर र संक्षिप्त व्यहोरा :

२. सहयोगी कर्मचारी :

| क्र.सं. | दर्जा नाम, थर | कार्यालय |
|---|---|---|
| १. | ............ | ............... |
| २. | ............ | ............... |
| ३. | ................ | .................. |
| ४. | ................ | .................. |
| ५. | .................. | ..................... |

.............................................
दस्तखत
विभागको प्रमुख

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-३
(नियम २८ सँग सम्बन्धित)
उपस्थित हुनको लागि दिईने सूचनाको ढाँचा
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट जारी भएको
<u>सूचना</u>

श्री................................................
................................................... ।

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिम यस विभागमा मिति ...............मा प्राप्त उजुरी वा सूचनाको अनुसन्धान गर्ने सिलसिलामा तपाईसँग केही कुरा बुझ्नु परेकोले बाटोको म्याद बाहेक सात दिनभित्र दिनको ......... बजे यस विभागको कार्यालय/टुर मुकाम .......................... उपस्थित हुन आउनु होला । नआए कानून बमोजिम हुनेछ ।

अनुसन्धान अधिकृतको,-
दस्तखत :
नाम, थर :
मिति :

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-४
(नियम २९ को उपनियम (१) सँग सम्बन्धित)
खानतलासी गर्ने सूचनाको ढाँचा

श्री ..........................................

.................................................

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिमको उजुरीले वादी नेपाल सरकार प्रतिवादी ..........................समेत भएको .............................कसूर सम्बन्धी मुद्दामा अभियुक्त रहे बसेको घर, जग्गा स्थान वा ठाउँमा निजले कसूर गर्दा प्रयोग गरेको वा कसूरसँग सम्बन्धित कुनै चिज वा वस्तु, कागजात राखेको वा उपलब्ध हुन सक्ने हुँदा उक्त घर, जग्गा, स्थान वा ठाउँ खानतलासी गर्न तपाईंलाई यो सूचना दिइएको छ ।

उक्त कार्यमा सहयोग पुऱ्याई दिनुहुन अनुरोध गर्दछु ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-५
(नियम २९ को उपनियम (२) सँग सम्बन्धित)
<u>बरामदी मुचुल्काको ढाँचा</u>

श्री सम्पत्ति शुद्धीकरण विभागबाट ...................... (फलाना ठाँउमा खडा गरेको घर, जग्गा, स्थान, चीज, वस्तु मालसामान वा मानिसको शरीरको बरामदी मुचुल्का)

१. कसूरको छोटकरी व्यहोरा :........................................................ .................................... ............................................. ....................................................... ..................................................

२. खानतलासी गर्ने एवम् तलासी गर्ने अधिकारी वा कर्मचारीको अग्रिम तलासी लिएको व्यहोरा : ................................ .................................... ............................................. .................................... ....................................................

३. चार किल्ला सहित खानतलासी गरिएको घर, जग्गा, स्थान, ठाउँ, चीज, वस्तु, मालसामानको विवरण : ......................................... ............................................ .................................... ............................................. ...................................................... ...........................................

४. खानतलासी गर्दा बरामद भएको सामान र दसीको विवरण : ....................................... ............................................ ..................................... ............................................ ....................................................... .......................................................

५. देखे बमोजिम सही छाप गर्ने साक्षीहरुको नाम, थर, उमेर वतन र सही :......................................... ............................................ .................................... ............................................. ...................................................... ......................................................

६. सम्बन्धित गाउँपालिका वा नगरपालिकाको प्रतिनिधि (सम्भव भएसम्म) .........................

७. रोहवरमा बस्नेहरुको नाम, थर, उमेर, वतन र सही :-
   (क) विभागका प्रहरी/कर्मचारीले मेरो घर, चीज, वस्तु, मालसामान खानतलासी लिँदा आफ्नो तलासी दिई इज्जतसाथ तलासी लिएको र घरको कुनै सामान हिनामिना भएको छैन भनी सही गर्ने ...................... ठाउँ बस्ने घर वा चीज वस्तुको धनी जिम्मेवार व्यक्ति .........................................
   (ख) अभियुक्तहरुको नाम, थर, उमेर, वतन, र सही (सम्भव भएसम्म)

८. काम तामेल गर्न, खानतलासी वा बरामदी गर्न खटिएको अधिकृत :-

९. अन्य प्रहरी/कर्मचारीहरु:-
मिति :

समय :



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-६
(नियम ३० सँग सम्बन्धित)
पक्राउ पूर्जीको ढाँचा

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट

........................................................................................ बस्ने ....................... को नाति/नातिनी ....................... को छोरा/छोरी .............. बस्ने वर्ष .... को .................................. को नाउँमा जारी भएको

पक्राउ पूर्जी

सम्पत्ति शुद्धीकरण/आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरको अनुसन्धानको सिलसिलामा तपाईंलाई सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ बमोजिम पक्राउ गर्न आवश्यक भएकोले यो पक्राउ पूर्जी जारी गरिएको छ । यो पक्राउ पूर्जी लिई आउने प्रहरी/कर्मचारीका साथ लागि यस विभागमा आउनुहोला । नआई अटेर गरेमा तपाईंलाई निजले पक्राउ गरी ल्याउने गरी सम्बन्धित प्रहरी/कर्मचारीलाई आदेश दिइएको छ ।

अनुसन्धान अधिकृतको,-

दस्तखत :
नाम थर :
दर्जा :
मिति :

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-७
(नियम ३१ सँग सम्बन्धित)
थुनुवा पूर्जीको ढाँचा

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट दिइएको
थुनुवा पूर्जी

श्री ......................
............................ ।

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ अन्तर्गतको ........................ कसूरमा तपाईंलाई थुनामा राखी अनुसन्धान गर्नु पर्ने भएकोले वा जमानत माग गरिएकोमा तपाईले जमानत दिन नसकेकोले मुद्दा हेर्ने अधिकारीबाट थुनामा राख्न अनुमति प्राप्त भएकोले कानून बमोजिमको सिदा खान पाउने गरी आजैका मितिदेखि थुनामा राख्नको लागि सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ को नियम ३१ बमोजिम तपाईंलाई यो थुनुवा पूर्जी दिइएको छ ।

अनुसन्धान अधिकृतको,-
सही :
नाम थर :
दर्जा :
मिति :

बोधार्थ :
श्री कारागार कार्यालय .......... ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-८
(नियम ३२ सँग सम्बन्धित)
तारेख किताबको ढाँचा

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट खडा गरिएको तारेख किताब

संवत् ..............................................

| सि.नं. | महिना, गते र बार | मुद्दा | आरोपित व्यक्तिको नाम | कुन कामको लागि तारेख तोकिएको | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-९
(नियम ३२ सँग सम्बन्धित)

तारेख पर्चाको ढाँचा

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग/टुर मुकाम ........... बाट जारी भएको

.................................... ............................................. नाउँको
तारेख पर्चा

.................................. मुद्दा ................ साल ................... नम्बर

विरुद्ध

.............................................
........................................ को निमित्त .................................... को तारेख तोकिएकोले सो दिन ............................ बजे विभागमा उपस्थित हुनु होला ।

तारेख दिने कर्मचारीको,-
दस्तखत :
नाम थर :
दर्जा :
मिति :

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-१०
(नियम ३३ को उपनियम (१) सँग सम्बन्धित)
धरौटी वा जमानत माग गर्ने आदेशको ढाँचा

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ अन्तर्गतको उजुरी/सूचनाले नेपाल सरकार ..................... वादी

<u>प्रतिवादी</u> :

मुद्दा :

१. मुद्दाको संक्षिप्त व्यहोरा :
२. धरौटी वा जेथा जमानत माग गर्नु पर्ने आधार, कारण र कानूनी व्यवस्था
३. माग गरिएको धरौटी रकम :

आदेश दिने अधिकारीको,-
हस्ताक्षर :
नाम थर :
पद :
मिति :

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-११
(नियम ३३ को उपनियम (२) सँग सम्बन्धित)
अभियुक्तले धरौटी वा जमानत राख्नको लागि दिने निवेदनको ढाँचा

श्री सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

विषय : धरौटी वा जमानत राखी पाउँ ।

.......... जिल्ला ........ न.पा. /गाउँपालिका वडा नं. .... बस्ने ...... निवेदक
विरुद्ध
नेपाल सरकार ....................................................
विपक्षी
मुद्दा :.....................

म निवेदक निम्न व्यहोराको निवेदन गर्दछु :-

उपर्युक्त मुद्दाको अनुसन्धानको क्रममा अनुसन्धान अधिकृत .................... ले मिति ................... मा गरेको आदेश अनुसार मसँग रु. ........................ अक्षरेपि ................................ धरौट वा सो बराबरको जेथा जमानत लिने आदेश भए बमोजिम उक्त धरौट बापतको नगदै रकम/बैंक ग्यारेण्टी दाखिला गरेको छु/मैले नगद धरौट राख्न नसक्ने हुँदा मेरो नाममा दर्ता रहेको तपसिल बमोजिमको सम्पत्ति जेथा जमानतमा राखी पाउन यो निवेदन गरेको छु । सो बुझी लिई कानून बमोजिम तारिखमा रहन पाउँ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

तपसिल

| सि.नं. | घर वा जग्गा वा अन्य सम्पत्ति | दर्तावालाको नाम | घर वा जग्गा वा सम्पत्ति रहेको स्थान ( जिल्ला/न.पा./ गाउँपालिका वडा नं) | कि.नं. | क्षेत्रफल | मूल्य | घर वा जग्गा वा सम्पत्तिको प्रकृति (कच्ची पक्की तला) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

देहायका कागजातहरू यसैसाथ पेश गरेको छु :-

(क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(ख) जग्गाधनी प्रमाणपूर्जा

(ग) सम्बन्धित घर जग्गाको नक्सा

(घ) कर तिरेको रसिद ( ………. ………. आ.व.को)

(ङ) ………………… आ.व.का. मालपोत तिरेको रसिद

(च) जमानत दिने फलानाको मन्जुरनामा (अर्काको जमानत दिनेमा मात्र)। मन्जुरनामाको सट्टा जसले जमानत दिन चाहेको हो उसैले मन्जुरी भएको व्यहोराको निवेदन दिए पनि हुन्छ।

यसमा लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदक

ठेगाना :

इति संवत् …….साल ………महिना …. गते रोज … शुभम्।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-१२
(नियम ३३ को उपनियम (२) सँग सम्बन्धित)
अन्य व्यक्तिले दिने धरौट वा जेथा जमानीको लिखतको ढाँचा

लिखितम् ........................ को नाति/नातिनी ..........................को छोरा/छोरी ..................... जिल्ला.................न.पा./गाउँपालिका वडा नं. .... बस्ने ........ वर्ष .............. को .......... आगे वादी नेपाल सरकार प्रतिवादी .......................... समेत भएको ................. मुद्दामा यस विभागको मिति .............. को आदेश अनुसार प्रतिवादी ....................बाट रु. .......... अक्षरेपि.................धरौट वा सो बराबरको जेथा जमानत माग्ने आदेश भएकोमा उक्त धरौट बापत निजले धरौट/जेथा जमानत राख्न नसकी सो को लागि मलाई अनुरोध गरेकाले निजको तर्फबाट मैले रु. ......................... (अक्षरेपि ................ ) धरौट बापतको नगदै रकम/बैंक ग्यारेण्टी दाखिला गरेको छु । उक्त धरौटी वा जेथा जमानत बुझी लिई निजलाई तारेखमा राखी पाउँरमेरो देहायको घर जग्गा जमानत राख्न मेरो मन्जुर छ । विभागबाट तोकेको समय र स्थानमा निजलाई उपस्थित गराउने छु, । उपस्थित गराउन सकिन भने मुलुकी ऐन अ.वं. १२४क नं. बमोजिम जमानत दिएको सम्पत्ति वा मेरो अरु कुनै सम्पत्तिबाट असुलउपर गरेमा मन्जुर छ भनी मेरो मनोमान राजीखुसीले ...................को रोहबरमा यो जेथा जमानीको कागज गरी दिएँ ।

तपसिल

| सि.नं. | घर वा जग्गा वा अन्य सम्पत्ति | दर्तावालाको नाम | घर वा जग्गा वा सम्पत्ति रहेको स्थान (जिल्ला /न.पा./ गाउँपालिका वडा नं) | कि.नं. | क्षेत्रफल | मूल्य | घर वा जग्गा वा सम्पत्तिको प्रकृति (कच्ची पक्की तला) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

१. देहायका कागजातहरू यसैसाथ पेश गरेको छु :-
   (क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(ख) जग्गाधनी प्रमाणपूर्जा
(ग) सम्बन्धित घर जग्गाको नक्सा
(घ) कर तिरेको रसिद (.......... .......... आ.व.को)
(ङ) ................ आ.व.को. मालपोत तिरेको रसिद
(च) जमानत दिने फलानाको मन्जुरनामा (अर्काको जमानत दिनेमा मात्र) । मन्जुरनामाको सट्टा जसले जमानत दिन चाहेको हो उसैले मन्जुरी भएको व्यहोराको निवेदन दिए पनि हुन्छ ।

२. यसमा लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

जमानी दिनेको नाम, थर :
ठेगाना :
सही :

अभियुक्तको सही :

इति सम्वत् .. साल ... महिना ... रोज .. शुभम् ......................
.................................. .......।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-१३

(नियम ३४ सँग सम्बन्धित)

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

प.सं. मिति :

च.नं.

सम्पत्ति/खाता रोक्का आदेश

श्री .......................

............................ ।

देहायका व्यक्ति/संस्था विरुद्ध यस विभागमा परेको ............................ उजुरीको सम्बन्धमा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ तथा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३ बमोजिम भएको अनुसन्धानबाट प्राप्त प्रमाणको आधारमा देहायका व्यक्ति/संस्थाको स्वामित्व/ नाम/नियन्त्रण/भोगमा रहेको देहाय बमोजिमको सम्पत्ति/खाता/कारोबार कसैलाई कुनै प्रकारले हस्तान्तरण गर्न, धितो वा बन्धक दिन, बिक्री वितरण गर्न र सञ्चालन गर्न नपाउने गरी रोक लगाउन परेकोले निजको देहाय बमोजिमको सम्पत्ति/ खाता/कारोबार यस विभाग वा अदालतबाट अर्को आदेश नभएसम्म कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्न, धितो वा बन्धक दिन, बिक्री वितरण र सञ्चालन गर्न नपाउने गरी रोक लगाई सो को जानकारी यस विभागलाई दिनु हुन अनुरोध गरिन्छ ।

व्यक्ति/संस्थाको नाम, ठेगाना :

व्यक्ति/संस्थाको स्वामित्व/नाम/नियन्त्रण/भोगमा रहेको सम्पत्ति/खाता/ कारोबारको विवरण :

सम्बन्धित अनुसन्धान अधिकृतको, -

सही :

नाम थर :

मिति :

बोधार्थ : ................

(संस्थाको हकमा सम्बन्धित नियमनकारी निकाय)

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची-१४
(नियम ३६ को उपनियम (१) सँग सम्बन्धित)

### अनुसन्धान प्रतिवेदनको ढाँचा

१. अनुसन्धान अधिकृत र सहयोगी कर्मचारीको नाम र दर्जा :

२. उजुरी/सूचना दर्ता नम्बर : ............

३. कसूरको सूचना प्राप्त भएको वा उजुरी परेको मिति र समय : ..................

४. कसूरको किसिम : .......................................

५. उजुरीको छोटकरी व्यहोरा : ............. ...... ...... ...... ....... .. ......... ....... ........ ....

६. कसूर भएको मिति, समय र ठाउँः ............................ ........... ...............

७. अभियुक्त पक्राउ परेको भए पक्राउ भएको मिति, समय र स्थान : ............

८. अभियुक्तको नाम, थर, उमेर वतन (एकभन्दा बढी अभियुक्त भए क्रमैसँग सबैको नाम लेख्ने) ..........................................................

९. अभियुक्तले अनुसन्धान अधिकृतसमक्ष गरेको बयानको छोटकरी व्यहोरा : .... ......... .... .... .... .... .... ... ..

१०. कसूरसँग सम्बन्धित मालसामान फेला परेको ठाउँ :.................

११. कसूर गरेको विवरण तथा सो को चित्रण :..... ...... ........ ......... ...........

१२. कसूर गर्दा प्रयोग गरेको साधन, माध्यम, उपकरण, यन्त्र भए सोको विवरणः..... ........ ...... ......

१३. कसूरको बारेमा थाहा पाउने साक्षीको नाम, थर वतन र निजहरुले अनुसन्धान अधिकृत समक्ष गरेको कागजको संक्षिप्त विवरण : ............................

१४. कुनै सम्पत्ति बरामद भएको भए सोको विवरण : ......................

१५. कसूरसँग सम्बन्धित भौतिक सबुद प्रमाण : ..............................

१६. कसूरको विश्लेषण : .......................

१७. कसूर स्थापित हुनसक्ने आधार : ............

१८.	अनुसन्धान अधिकृतको राय र सजाय माग दाबी र त्यसको कारण :.........

१९.	अन्य आवश्यक कुरा :...........................

२०.	कागजातहरुको सिलसिलेवार विवरण : ...........................

अनुसन्धान अधिकृतको,-
सही :
नाम थर :
निकाय :
मिति :

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-१५
(नियम ३६ को उपनियम (२) सँग सम्बन्धित)

अभियोग पत्र
...........सालको नम्बर
नेपाल सरकार................ वादी
विरुद्ध

(१) ........................................................................................
प्रतिवादी
(२)
..................................................................................................
(३) ..............................................................................................

मुद्दा :-

१. कसूरको व्यहोरा :-
(क)
(ख)
(ग)

२. अभियुक्तले उल्लंघन गरेको कानून :
३. अभियुक्त उपर लगाएको अभियोग/र दाबी :
४. अभियुक्तलाई हुनु पर्ने सजाय:
५. अभियुक्तले ऐनको दफा ...... बमोजिम अनुसन्धान तथा तहकिकातमा सहयोग गरेको भए सो सम्बन्धी विवरण र सो वापत प्रस्तावित सजायमा पाउने छुट तथा ऐनको दफा ..... बमोजिम कुनै सुराकी पुरस्कार सम्बन्धी माग दाबी ।
६. सबुद प्रमाण :
७. दसी प्रमाण तथा कसुरसँग सम्बन्धित चीज वस्तु :-
८. दसीको सामान वा कसुरसँग प्रमाण लाग्ने अरु चीज वस्तु :-
(क)
(ख)
(ग)

९. साक्षी :-

देखि जान्ने :-
(क)

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(ख)

(ग)

(घ)

१०. प्रस्तुत कागजपत्रहरु :-

(क)

(ख)

(ग)

यो अभियोगपत्रबाट कारबाही शुरु गर्न अदालतसँग सादर अनुरोध गरिन्छ ।

विभागको तर्फबाट अनुसन्धान
अधिकृतको,-
दस्तखत :
नाम थर :
दर्जा :
मिति :
कार्यालयको छाप :

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची-१६
(नियम ४५ को उपनियम (२) सँग सम्बन्धित)

### शपथको ढाँचा

म ................................... को नाममा/सत्य निष्ठापूर्वक शपथ लिन्छु कि ..................... को हैसियतले मलाई तोकिएको काम, कर्तव्य मेरो ज्ञान विवेकले जाने बुझेसम्म प्रचलित कानूनको अधीनमा रही कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारीसाथ पूरा गर्नेछु । आफ्नो कर्तव्य पालनको सिलसिलामा आफूलाई जानकारी हुन आएको कुरा म पदमा बहाल रहे वा नरहेको जुनसुकै अवस्थामा पनि कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा अरु कसैलाई कुनै किसिमबाट प्रकट वा सङ्केत गर्ने छैन । प्रस्तुत विश्लेषण वा अनुसन्धान सम्बन्धी कार्य गर्न नियम ४५ बमोजिमको कुनै स्वार्थ विद्यमान नरहेको घोषणा गर्दछु ।

शपथ ग्रहण गर्नेको विवरण :
नाम, थर :
हस्ताक्षर :
पद :
निकाय :
मिति :

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-१७
(नियम ४६ को उपनियम (१) सँग सम्बन्धित)
नेपाल सरकार
भन्सार विभाग
भन्सार कार्यालय, ............

मुद्रा वा धारक विनिमयपत्र उद्‌घोषणको ढाँचा

उद्‌घोषण गर्नेको नाम :
स्थायी र कार्यस्थल वा बसोबासको पूरा ठेगाना :
राहदानी हुनेको रादानी नं. र देशको नाम :
नेपालभित्र आएको वा बाहिर जाने यातायातको साधन र सो को नम्बर :

| क्र.स. | उद्‌घोषण गरेको मुद्रा वा धारक विनिमयपत्र | मूल्य वा परिणाम | ल्याउनु वा लानु पर्ने कारण |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

खुलाउन आवश्यक अन्य कुनै विवरण :
माथि उल्लिखित विवरण सही सत्य रहेको छ । यस भन्दा फरक मुद्रा वा धारक विनिमयपत्र मसँग रहेको छैन । उक्त मुद्रा वा धारक विनिमयपत्र कुनै गैरकानूनी कार्यबाट आर्जन भएको होइन । मैले गलत घोषणा गरे गराए वा लुकाए छिपाएको छैन । यसमा लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

घोषणा गर्नेको हस्ताक्षर :
मिति :

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय